ब्याँस गाउँकार्यपालिका बैठक संख्या: १२      बैठक मिति: २०८२।०२।१९

आज मिति२०८२/०२/१९ गतेका दिनयस ब्याँस गाउँपालिका सुन्सेरा दार्चुलाका अध्यक्ष श्री मंगल सिह धामीज्यूको अध्यक्षतामा ब्याँस गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपशिल बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमका प्रस्तावहरु माथी छलफल गरी निम्न निर्णयहरु पारित गरिए।

| नाम थर | पद |
|---|---|
| ............ मंगल सिह धामी | अध्यक्ष |
| ............ विनोद सिह कुँवर | उपाध्यक्ष |
| ............ अशोक सिह बोहरा | वडा अध्यक्ष वडा नं १ |
| ............ धिरन सिह बुढाथोकी | वडा अध्यक्ष वडा नं २ |
| ............ उपेन्द्र सिह धामी | वडा अध्यक्ष वडा नं ३ |
| ............ झुन सिह विष्ट | वडा अध्यक्ष वडा नं ४ |
| ............ बिर सिह धामी | वडा अध्यक्ष वडा नं ५ |
| ............ राजेन्द्र सिह कुँवर | वडाध्यक्ष वडा नं ६ |
| ............ अस्पाल सिह बुढाथोकी | कार्यपालिका सदस्य |
| ............ आस्मती विसि | कार्यपालिका सदस्य |
| ............ कलम राम भूल | कार्यपालिका सदस्य |
| ............ कलावती डडाल | कार्यपालिका सदस्य |
| ............ धाना देबी बम | कार्यपालिका सदस्य |
| ............ पुर्णिमा ऐतवाल | कार्यपालिका सदस्य |
| ............ चन्द्र सिह कुँवर | सदस्य सचिव |

## अन्य उपस्थिति

..................

ब्यास गाउँकार्यपालिका बैठक संख्या : ११ बैठक मिति २०८२/०४/१९

प्रस्तावहरु

१. ब्यास गाउँपालिका वडा नं. १ छाङरुबाट वडा नं. २ दुम्लिङ सम्मको घोडेटोबाटो निर्माणको लागि आवश्यक निर्माण सामग्री ढुवानीका लागी सहजिकरण सम्बन्धमा ।

२. योजना संशोधन तथा रकमान्तर सम्बन्धमा ।

३. योजना थप सम्बन्धमा ।

४. विविध ।

निर्णयहरु

निर्णय नं १: प्रस्ताव नं १ माथी छलफल गर्दा ठेक्का नं. [illegible]/WORK/NCB/2081/082 ब्यास गाउँपालिका वडा नं. १ छाङरुबाट वडा नं. २ दुम्लिङ सम्मको घोडेटोबाटो निर्माण कार्यको जिम्मेवारी प्राप्त निर्माण व्यवसायी केशव बहादुर पालले नेपालको बाटो भएर निर्माण सामग्री कार्य स्थलसम्म ढुवानी गर्न सम्भव नभएकोले नज्याङ, माल्पा, छइकन, लमरी, बुदी र कोथलाबाट तपसिल बमोजिमका निर्माण सामाग्री भारतीय बाटो हुँदै ढुवानीका लागी सहजिकरण प्रयोजनार्थ निवेदन पेश हुन आएकोले उक्त सामाग्री ढुवानीमा सहजिकरणका लागि जिल्ला प्रशासन कार्यालय धार्चुलालाई पत्राचार गर्ने निर्णय गरियो ।

तपसिल

| क.स. | ढुवानी गर्नुपर्ने निर्माण सामग्रीको नाम | परिमाण |
|---|---|---|
| १. | ग्याबीन जाली | ४०० थान |
| २. | सरिया | ५००० कि.ग्रा |
| ३. | सिमेन्ट | ३०० बोरा |
| ४. | अन्य औजार | लमसम |

निर्णय नं.२: प्रस्ताव नं. २ माथि छलफल गर्दा यस ब्यास गाउँपालिकाको आ.व. २०८१/०८२ का लागि स्वीकृत भएका योजना तथा कार्यक्रमहरु तपसिल बमोजिम संशोधन/रकमान्तर गरी कार्य सञ्चालन गर्ने तथा स्वीकृतिका लागि आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल

| क. सं. | संशोधन/रकमान्तर गर्नुपर्ने आयोजना/कार्यक्रम | | | संशोधन/रकमान्तर हुनुपर्ने आयोजना/कार्यक्रम | | |
|---|---|---|---|---|---|---|
| | आयोजना/कार्यक्रमको नाम | स्रोत | बजेट रकम रु. | आयोजना/कार्यक्रमको नाम | स्रोत | बजेट रकम रु. |
| १. | आवास विहिनलाई आवास कार्यक्रम | नेपाल सरकार | ५,००,००० | आवास विहिनलाई आवास कार्यक्रम | नेपाल सरकार | ५,००,००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | मडगाउँ देखि पालिका भवन सम्म पि.सि.सि. बाटो निर्माण क्रमागत | | ५,००,००० | मडगाउँ देखि पालिका भवन सम्म पि.सि.सि.बाटो निर्माण क्रमागत | | १,००,००० |
| | | | | खेती टुक्र गाउँ बाल निर्माण | | ४,००,००० |
| ३. | पालिका भवन भराणी खोला ढल निकास(क्रमागत) | | २,००,००० | खेती टुक्र गाउँ बाल निर्माण | | २,००,००० |
| ४. | सुधार गृह निर्माण वडा नं.४ | | ३,००,००० | | | ३,००,००० |
| ५. | बाल प्रतिभा पहिचान कार्यक्रम | | १,००,००० | परीक्षा संचालन तथा व्यवस्थापन | | १,००००० |
| ६ | गैर सामुदायिक भवनमा शौचालय निर्माण | | ५०,००० | महादेव मन्दिरमा शौचालय निर्माण वडा न.४ | | ५०,००० |
| ७ | नौला मन्दिर गेट र धारा निर्माण | | १,००,००० | नौला मन्दिर रङ्गरोगन वडा नं. ४ | | १,००,००० |
| ८ | गौरा खालो निर्माण चन्दाकोट | | १,००,००० | सेला खानेपानी ट्याङ्की निर्माण वडा नं. ५ | | १,००,००० |
| ९ | बाल अधिकार प्रवर्द्धन सचेतना कार्यक्रम | | १,००,००० | टुहुरा बालबालिकाहरुका लागि शैक्षिक सामग्री वितरण कार्यक्रम | | १,००,००० |

निर्णय नं ३. प्रस्ताव नं ३ माथि छलफल गर्दा आगामी आ.व. २०८२/०८३ का लागि तपसिल बमोजिमका आयोजनाहरु प्रदेश सरकारका सम्वन्धित मन्त्रालयहरुमा माग गर्ने निर्णय गरियो ।

तपसिल:

१. सिना सडक स्तरोन्नती ब्याँस - ३
२. तुसरपानी बस्ती संरक्षण ब्याँस- ३
३. आटीखोला तटबन्धन ब्याँस - ३
४. भूमीराज आ.वि. सल्याडी भवन निर्माण ब्याँस - ३
५. पन्तोली खानेपानी ब्याँस- ६
६. दुर्गास्थान मा.वि. श्याकु भवन निर्माण ब्याँस-५
७. दोविन्ना देखि देवी मन्दिर सम्म पर्यटकीय पदमार्ग ब्याँस-५
८. तल्लो तिग्रम महाकाली तटबन्ध ब्याँस-५
९. तिग्रम सडक स्तरोन्नती ब्याँस-५
१०. दरवा-चन्दाकोट-हुती स्वास्थ्य चौकीसम्म सडक स्तरोन्नती
११. घोरेठा बजार देखि मालिकार्जुन मन्दिरसम्म सडक स्तरोन्नती ब्याँस-६
१२. दाहुती बसेडी सडक स्तरोन्नती ब्याँस-६
१३. डोकट मडगाउँ सडक निर्माण ब्याँस-४

१४. धार घरतली तटबन्ध निर्माण ब्याँस-४
१५. मडगाउँ-बिनला-किम्पानी पहिरो नियन्त्रण ब्याँस-४
१६. भुलचौरा-किम्पानी-विनला बस्ती स्थानान्तरण ब्याँस-४
१७. ब्रहमस्थान मा.वि. भवन निर्माण ब्याँस-४
१८. खानेपानी मुलहरु संरक्षण वडा नं. ४ डोकट
१९. गैरा रानीवन बृक्षारोपण ब्याँस-६
२०. जयपुर देखि अपिनम्पा क्याम्पस सम्म घो.बा. निर्माण
२१. अपिनम्पा क्याम्पस वाल निर्माण ब्याँस-६
२२. मालिकार्जुन सामुदायिक वन बृक्षारोपण ब्याँस ६, पन्तोली
२३. मल्ला किमसैन ढल निकास ब्याँस-५

निर्णय नं ४. प्रस्तावना नं ४ (क) माथि छलफल गर्दा ब्याँस गाउँपालिकामा कार्यरत शिक्षकहरु माध्यमिक तहका शिक्षकहरुको आ व २०८१।०८२ मा त.भ अपुग रहेको र कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।०८२ को बुदाँ न. ४ मा सबैका लागि शिक्षा आधारभूत तह र माध्यमिक तह उपशिर्षिक मध्ये कुनै एक शिर्षकमा अपुग रहेमा अर्को शिर्षकबाट खुवाउने व्यवस्था रहेकाले मा.वि तहमा अपुग रहेको रकम रु ५,१८,९०१ रुपैयाँ ३० पैसा आधारभूत तहको शिर्षकबाट खुवाउने र शैक्षिक सत्र २०८२ मा महाकाली न.पा दार्चुलाको स्वामीत्वमा रहेका कैलाशपती आ. वि र मोती महिला संघ आ.वि ब्याँस गाउँपालिकामा गाभिदा आ.व २०८१।०८२ को बजेटमा प्रारम्भिक बालविकास सहजकर्ता शिक्षकको त.भ शिर्षकमा स्वीकृत दरबन्दी भन्दा बजेट अपुग रहेकाले उक्त शिर्षकमा बजेट माग गर्दा पनि निकासा नआएकाले आधारभूत तहको शिक्षकहरुको त.भ बाटै अपुग रकम रु ६,६५,०००।- खुवाउने निर्णय गरियो ।

निर्णय नं ५ प्रस्तावना नं ४ (ख) माथि छलफल गर्दा ब्याँस गाउँपालिका वडा नं. ३ तुसरपानी वस्तीमा मिति २०८१ श्रावण महिनामा परेको अविरल वर्षाका कारण बस्तीमाथी बाट आएको पहिरोले क्षतीग्रस्त घर परिवारलाई गाउँपालिकाबाट राहात स्वरुप वितरण गरिएका त्रिपालहरुको विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ६ प्रस्तावना नं ४ (ग) माथि छलफल गर्दा वर्षातको समयमा आउन सक्ने विपदलाई मध्यनजर गर्दै विपद व्यवस्थापनका लागि आवश्यक सामग्री विपद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं ७. प्रस्तावना नं ४ (घ) माथि छलफल गर्दा निर्माणाधिन तिमुरपाटा-हुती-धौलाकोट-माल-मडगाउँ सडक खण्डको दुहु गाउँपालिका वडा नं. ३ खेती टुक्कगाउँमा रहेका घरहरु वर्षातको समयमा आउने पहिरोबाट अति जोखिममा रहेको हुदाँ उक्त वस्तीमा वाल निर्माणको

लागि विनियोजित खेती टुकगाउँ बाल निर्माण रु १० लाखको कार्य कोटेशन विधिबाट यथाशिघ्र आगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ८. प्रस्तावना नं ४ (ङ) माथि छलफल गर्दा ब्याँस गाउँपालिका वडा नं. ६ मा कार्यान्वयन भएको बडुगाउँ पुल घो.बा. निर्माण योजनाको भुक्तानीका लागि पेश हुन आएका कागजातहरुको आधारमा भुक्तानी नभई रोकिन गएकोले प्राविधिक मूल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन र वडाको सिफारिस लगायतका कागजातका आधारमा यथाशिघ्र भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं ९. प्रस्तावना नं ४ (च) माथि छलफल गर्दा भूमीहिन दलित, भूमीहिन सुकुम्बासी र अव्यवस्थीत बसोबासीको पहिचान, लगत संकलन, प्रमाणिकरण तथा नाप नक्सा कार्यमा सहयोग गर्नका लागि मिति २०८२/०२/०९ गते भूमीहिन दलित, भूमीहिन सुकुम्बासी र अव्यवस्थीत बसोबासीको पहिचान, लगत संकलन सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ को उपदफा १ बमोजिम गठन भएको सहजिकरण समितिलाई अनुमोदन गर्ने र वडा कार्यालयहरुमा सहजिकरण समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं १०. प्रस्तावना नं ४ (छ) माथि छलफल गर्दा भूमीहिन दलित, भूमीहिन सुकुम्बासी र अव्यवस्थीत बसोबासीको पहिचान, लगत संकलन सम्बन्धी कार्यविधि, २०८१ दफा ५ भूमी शाखा स्थापना गरी अनूसूची -१ बमोजिमको जनशक्ति व्यवस्थापन एवं जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं ११. प्रस्तावना नं ४ (ज) माथि छलफल आगामी आ.व. २०८२/०८३ मा प्रदेश सरकार संग ब्याँस गाउँपालिकाको लागि योजना माग तथा सहकार्य गर्न गाउँपालिका प्रवक्ता श्री उपेन्द्र सिह धामीलाई सुदुरपश्चिम प्रदेश धनगढी पठाउने निर्णय गरियो ।

निर्णय नं १२. प्रस्तावना नं ४ (झ) माथि छलफल चालु आ.व. २०८१/८२ मा हरिचन मन्दिर निर्माण वडा नं. ६ (क्रमागत) योजना कार्यान्वयन गर्न उपभोक्ता समिति र यस कार्यालय वीच मिति २०८२/०१/११ गते सम्झौता भई उक्त योजनाको कार्य सुचारु नहुदै २०८२/०१/१५ गते बसेको कार्यपालिकाको निर्णय नं ७ मा योजना संशोधन भई श्री हरिचन मन्दिर घेरबार तथा फिल्ड निर्माण भएकोले हरिचन मन्दिर निर्माण वडा नं. ६ (क्रमागत) योजनाको नाममा भएको सम्झौता रद्ध गरि संशोधित योजनाको नाममा योजना सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं १३. प्रस्ताव नं ४ (ञ) माथी छलफल गर्दा चालु आर्थिक वर्षमा सञ्चालित तपसिल बमोजिमको योजनाको म्याद समाप्त भएकाले २०८२ जेठ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं | योजनाको नाम | रकम | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | मर्मालि गाउँ खा.पा. बसेडी | १,००,००० (एक लाख) | ब्याँस ६ | |

निर्णय नं १४. प्रस्ताव नं ४ (ट) माथी छलफल गर्दा यस ब्याँस गाउँ कार्यपालिकाको कार्यालयमा विपद् राहतका लागि निवेदन पेश भएको हुँदा ब्याँस गाउँपालिका प्राकृतिक विपद् पिडितहरुका लागि आर्थिक सहायता (राहत) वितरण निर्देशिका २०७५ बमोजिम तपसिलको राहत रकम भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

| क.सं | लाभग्राहीको नाम | ठेगाना | किसिम | रकम | शिर्षक | कै |
|---|---|---|---|---|---|---|
| १ | नारन्ती धामी | ब्याँस ४ | घर जोखिम | १०,०००/- | विपद् व्यवस्थापन | |

निर्णय नं १५. प्रस्ताव नं ४ (ठ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकामा रहेका विभिन्न वस्तीहरु पहिरोको जोखिममा रहेको हुँदा पहिरो रोकथाम तथा नियन्त्रणका लागि सम्भाव्य उपायहरुको स्थलगत अवलोकनका लागि काठमाडौंबाट बोलाइएका भुर्गभविद् कमल थापालाई नियमानुसार आतेजाते वापतको भ्रमण खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १६. प्रस्ताव नं ४ (ड) माथी छलफल गर्दा यस कार्यालयलाई आवश्यक पर्ने मोटरसाइकल खरिद गर्नका लागि तपसिल बमोजिम रकमान्तर गरि खरिद प्रकृया अघि बढाउने तथा उक्त रकमान्तर स्वीकृतिका लागि आगामी गाउँसभा बैठकमा पेश गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं | शिर्षक | रकम | क.सं | नयाँ शिर्षक | रकम | कै |
|---|---|---|---|---|---|---|
| १ | इन्धन (कार्यालय प्रयोजन) | ८,००,००० | १ | मोटरसाइकल खरिद | ५,००,००० | |

निर्णय नं १७. प्रस्ताव नं ४ (ढ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२।०१।१५ गतेको बैठकको निर्णय नं ३ मा तपसिल बमोजिमका योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने भनिएकोमा विविध कारणले उपभोक्ता समिति गठन भई काम हुन नसकेकाले उक्त योजनाहरु देहाय अनुसार शंशोधन गरि अमानत प्रकृया मार्फत कार्य अघि बढाउने निर्णय गरियो ।

तपसिल

| क.सं | स्थानको नाम | वडा | रकम | शिर्षक | कै |
|---|---|---|---|---|---|
| १ | दुधपानी काठेपुल निर्माण | वडा नं १ | ६०,०००/- | विपद व्यस्थापन कोष | |
| २ | चम्लिङ गाङफुक क्षेत्र काठेपुल | वडा नं १ | ७०,०००/- | विपद व्यस्थापन कोष | |

निर्णय नं १८. प्रस्ताव नं ४ (ण) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको ब्रह्मलेकमा रहेको नेपाल टेलिकमकको रिपिटर टावरमा विधुतिकरणको अभावले गर्दा गाउँपालिकाको केन्द्र हाल सम्म पनि सञ्चार सुविधाबाट बञ्चित हुनु पुगेको अवस्था रहेको हुँदा उक्त समस्या सामाधानका लागि दुँहु गाउँपालिकाको माङरी बस्ती सम्म विस्तार भएको विधुत लाईनलाई ब्रह्मलेकमा रहेको टावर सम्म पुगाउन नेपाल विधुत प्राधिकरण वितरण केन्द्र दार्चुलालाई पोल, ट्रान्सफर्म र तार उपलब्ध गराउन अनुरोध गर्ने तथा ज्याला र ढुवानी वापत खर्च हुन आउने रकम यस गाउँपालिकाले स्रोत सुनिश्चित गरि व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं १९. प्रस्ताव नं ४ (त) माथी छलफल गर्दा श्री मोती महिला संघ आवि तिंकरमा प्राथमिक तह द्धितिय श्रेणीमा कार्यरत शिक्षक गीता बडूको मिति २०८२।०१।०२ गते देखि लागु हुने गरी असाधारण विदा स्वीकृत भई आएको हुँदा उक्त विद्यालयमा पठनपाठनका लागि श्री ब्रह्मस्थान माध्यमिक विद्यालय डोकटमा प्राथमिक तह तृतीय श्रेणीमा कार्यरत शिक्षक आँसु धामीलाई काज सरुवा गर्ने र श्री ब्रह्मस्थान मावि डोकटमा रिक्त रहेको पदमा शिक्षा ऐन तथा नियमावली बमोजिम महिला शिक्षक भर्ना अनुमति दिने निर्णय गरियो।

निर्णय नं २०. प्रस्ताव नं ४ (थ) माथी छलफल गर्दा यस गाउँपालिकाको चालु आर्थिक बर्षको वार्षिक स्वीकृत कार्यक्रम ठुलखोला पहिरो नियन्त्रणका लागि वृक्षारोपण तथा संरक्षण कार्यक्रम (क्रमागत) वडा नं ४ शिर्षकमा बजेट विनियोजन भएकोमा उक्त पहिरोमा वृक्षारोपण कार्यक्रम गर्न जय गोरखनाथ सचेतना समाज सुन्सेरा, ब्याँस ४ ले प्रस्ताव पेश गरेको हुँदा उक्त प्रस्तावलाई स्वीकृत गर्दै उक्त कार्यक्रम सञ्चालनका लागि जय गोरखनाथ सचेतना समाज सुन्सेरा संग सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं.२१. प्रस्ताव नं. ४ (द) माथी छलफल गर्दा तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुको तपसिल बमोजिम संशोधन/रकमान्तर गरी स्वीकृतिका लागि आगामी गाउँसभा बैठकमा पेश गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं | योजनाको नाम | रकम | क्र.सं | शंशोधित शिर्षक | रकम | कै |
|---|---|---|---|---|---|---|
| १ | गौरा खालो निर्माण चन्दाकोट | १,००,००० | १ | सेला खा.पा. पानी टयाङ्की निर्माण | १,००,००० | |
| ३ | दुम्लिङ्ग अस्थायी प्रहरी पोष्ट फर्निचर खरिद | ५०,००० | ३ | मकै छोडाउने मेसिन खरिद | ५०,००० | |
| ४ | लघु जलविद्युत मर्मत | १,००,००० | ४ | फर्निचर खरिद वडा नं २ | १,००,००० | |

निर्णय नं.२२. प्रस्ताव नं. ४ (ध) माथी छलफल गर्दा वडा नं ५ अन्तरगत तल्लागाउँ ढल निकास योजना कार्यान्वयन गर्न उपभोक्ता समिति र यस कार्यालय बीच सम्झौता भएकोमा उक्त काम हाल सम्म सुरु हुन नसकेकाले तल्लागाउँ ढल निकास योजनाको नाममा भएको सम्झौता रद्ध गरि उक्त योजनालाई तपसिल बमोजिम संशोधन/रकमान्तर गरी स्वीकृतिका लागि आगामी गाउँसभा बैठकमा पेश गर्ने निर्णय गरियो ।

| क्र.सं | योजनाको नाम | रकम | क्र.सं | शंशोधित शिर्षक | रकम | कै |
|---|---|---|---|---|---|---|
| १ | तल्लागाउँ ढल निकास | १,००,००० | १ | तल्ला गाउँ घो.बा. | १,००,००० | |

निर्णय नं.२३. प्रस्ताव नं. ४ (न) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाबाट प्रकाशित बोलपत्र नं: IFB:02/Work/NCB/2082/082 को मुल्याङ्कनमा चित्त नबुझेको भनि नमस्कार-रिठगडे जेभिले सार्वजनिक खरिद पुनरावलोकन समितिमा मुद्दा दर्ता गरेको र उक्त मुद्दाको यस कार्यालयको तर्फबाट बहस पैरवी एवं प्रतिरक्षाका लागि ग्लोवल ल अफिस प्रालि का.म.न.पा. २८, काठमाडौं संग सम्झौता गरिएको हुँदा सम्झौता बमोजिमको रकम उक्त योजनाको कन्टिन्जेन्सीबाट खर्च हुने गरी ग्लोवल ल अफिस प्रालि का.म.न.पा. २८, काठमाडौंलाई भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.२४. प्रस्ताव नं. ४ (प) माथी छलफल गर्दा यस गाउँपालिकालाई चालु आर्थिक वर्षमा सशर्त अनुदान प्राप्त योजना "ब्याँस गा.पा. वडा नं १ छाङरुबाट वडा नं २ दुम्लिङ सम्मको घोडेटो बाटो" निर्माणको कार्य भइरहेकाले निर्माण कार्यको रेखदेख र अनुगमनका लागि तपसिल बमोजिमका प्राविधिक कर्मचारीहरुलाई निर्माण कार्यस्थलमा खटाउने निर्णय गरियो ।

तपसिल

| क्र.सं | प्राविधिक कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | जयकमल सिह | अ.स.इ | |
| २ | रोशन सिह कुँवर | सुपरभाइजर | |

निर्णय नं. २५. प्रस्ताव नं. ४ (फ) माथी छलफल गर्दा "ब्याँस गा.पा. वडा नं १ छाङरुबाट वडा नं २ दुम्लिङ सम्मको घोडेटो बाटो" निर्माणको कार्यको अनुगमनका लागि फिल्डमा खटिने प्राविधिक कर्मचारीहरुका लागि आवश्यक सामग्री खरिद गरि उक्त योजनाको कन्टिन्जेन्सीबाट रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.२६. प्रस्ताव नं. ४ (ब) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ४ मा कार्यान्वयन हुने डोकट लिफ्टिङ खानेपानी योजनाको विस्तृत परियोजना अध्ययन प्रतिवेदन तयार गर्न सेवा परामर्श खरिद शिर्षकबाट बजेट खर्च हुने गरी कार्य अघि बढाउने निर्णय गरियो ।

ब्याँस गाउँकार्यपालिका बैठक संख्या: १२ बैठक मिति: २०८२।०२।१९

निर्णय नं २७. प्रस्ताव नं ४ (भ) माथी छलफल गर्दा चालु आर्थिक वर्षमा विनियोजित "खानेपानी मर्मत तथा व्यवस्थापन" शिर्षकबाट गर्ने भनिएका हुती स्वास्थ्य चौकी खानेपानी मर्मत (१ लाख) र चिउरा गोरियाधारा मुल मर्मत (६० हजार) ब्याँस ६ अन्तरगतका योजनाहरु कार्यान्वयन हुन नसकेकाले उक्त बजेटबाट खानेपानी पाइप खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं २८. प्रस्ताव नं ४ (म) माथी छलफल गर्दा चालु आर्थिक वर्षमा अपाङ्ग लक्षित कार्यक्रम अन्तरगत दुई लाख बजेट विनियोजन भएकोमा उक्त रकमबाट कम्बल खरिद गरि "क" र "ख" वर्षको अपाङ्गता परिचयपत्र भएका व्यक्तिहरुलाई वितरण गर्ने निर्णय गरियो ।